नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# राजस्व अनुसन्धान विभाग

हरिहरभवन,पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

मितिः- २०८१/०४/१३

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत पोखरा, कास्कीमा मिति २०८१/०४/१३ गते दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः**
   - फोकिर चन्द्र भौमिकको नाति, हरेकृष्ण भौमिकको छोरा भारत, पश्चिम बंगाल राज्य, जिल्ला मेदिनीपुर, ग्राम भगवतीपुर स्थायी ठेगाना भई कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २, मोहरिया टोलमा रहेको जयभैरव ज्वेलर्स (स्था.ले.नं.६०९४१३५६२) का प्रोप्राइटर एवं भारतको आधारकार्ड नं. ६०२७८६२९४५९८ भएका वर्ष ४० का सुरजित भौमिक।
   - वलीरामको नाति पहलसिंह विश्वकर्माको छोरा चितवन जिल्ला, भरतपुर महानगरपालिका-२३ स्थायी ठेगाना भई पोखरा महानगरपालिका-९,कास्कीमा रहेको श्री एस सगरमाथा ज्वेलर्स (स्था.ले.नं.६०३१७७५४९) का प्रोप्राइटर सुरेन्द्र विश्वकर्मा रामदाम ।
   - प्रेम सिंह वि.क.को नाति भोज बहादुर वि.क.को छोरा पोखरा महानगरपालिका-२७, कास्की स्थायी ठेगाना भई वडा नं.२६ मा अवस्थित श्री देवीरम्भा सुनचाँदी दुकान (स्था.ले.नं.३०३४४३०९८) का प्रोप्राइटर जनकलाल लोहनी ।
   - खेमबहादुरको नाति तेजबहादुर सुनारको छोरा पोखरा महानगरपालिका-१३, कास्की स्थायी ठेगाना भई वडा नं.९ मा अवस्थित श्री बाराही ज्वेलर्स (स्था.ले.नं.३०३७५७७०६) का प्रोप्राइटर अर्जुन सुनार ।
   - शमशेर बहादुर कामीको नाति यज्ञबहादुर कामीको छोरा पोखरा महानगरपालिका-२६, कास्की स्थायी ठेगाना भएका श्री लेखनाथ ज्वेलर्स (स्था.ले.नं.३०५१५६७७२) का प्रोप्राइटर अर्जुन बहादुर कामी ।

२. **कसुरको संक्षिप्त विवरणः** जयभैरव ज्वेलर्स (स्था.ले.नं.६०९४१३५६२) का सञ्चालक सुरजित भौमिकले अवैध सुनचाँदी चोरी पैठारी गरी राजस्व चुहावट गरेको । साथै प्रकरण नं. १ मा उल्लिखित अन्य प्रतिवादीहरूले सुरजित भौमिकको डेरा तथा पसलबाट बरामदित अवैध सुनचाँदीलाई वैधानिकीकरण गर्न सुनचाँदीका गरगहना बनाउन दिएको भनी पुष्टि हुन नसक्ने अडर विल जारी गरी राजस्व चुहावट गर्ने कार्यमा संलग्न रहेका।

३. **कायम भएको बिगो र सजायको मागदाबी** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४को उपदफा (क), (ख) र (झ) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा २(छ१) अनुसारको देहाय बमोजिम विगो कायम गरी सो विगो असुल वा जफत गरी सोको शतप्रतिशत जरिवाना प्रत्येक प्रतिवादीबाट असुल गरी प्रतिवादी सुरजित भौमिकको हकमा सोही ऐनको दफा २३ को उपदफा (१) को खण्ड

(ग) बमोजिम र अन्य प्रतिवादीको हकमा सोही उपदफाको खण्ड (क) बमोजिम कैद सजाय हुन मागदावी गरी अभियोग पत्र दायर गरिएको ।

| क.सं. | प्रतिवादीको नाम | बिगो रकम | माग दाबी गरिएको जरिवाना | माग दाबी गरिएको कैद सजाय |
|---|---|---|---|---|
| १. | सुरजित भौमिक | ७,०९,०५,२७२/- | ७,०९,०५,२७२/- | एक वर्षदेखि तीन वर्षसम्म कैद सजाय |
| २. | सुरेन्द्र विश्वकर्मा रामदाम | ७६,१६,४५०/- | ७६,१६,४५०/- | एक महिनादेखि छ महिनासम्म कैद सजाय |
| ३. | जनकलाल लोहनी | ८,८०,००८/- | ८,८०,००८/- | |
| ४. | अर्जुन सुनार | १२,५५,६८५/- | १२,५५,६८५/- | |
| ५. | अर्जुन बहादुर कामी | ८,५९,४२३/- | ८,५९,४२३/- | |
| जम्मा बिगो | | ८,१५,१६,८३८/- | ८,१५,१६,८३८/- | |

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग